जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक १७१ २०८१ साल माघ २२ गते मंगलबार (4 Feb. 2025 Tuesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : पाथीभरा केबलकार विवाद :... ३ पृष्ठमा : विदेशी मुद्राको कूल सञ्चिती २३ ... ३ पृष्ठमा : युएसएआइडी ‘अपराधी हो ...

# जनप्रतिनीधी आफ्नै सिफारिस पटक-पटक फेर्दा नापी कार्यालय पनि अलमलमा

**दैनिक समाचारदाता**
**राजविराज, २१ माघ ।**

वडाअध्यक्ष र कार्यवाहक वडाअध्यक्षले आफैले गरेको सिफारिस पटक-पटक फेर्दा एक सर्वसाधारण हैरान बनेका छन् ।

सप्तरीको अग्नीसाईर कृष्णसवरण गाउँपालिका ६ बकधुवा टोल निवासी रामकुमार लेखी यसरी हैरान बनेका हुन् ।

वडा नं. ६ का वडाअध्यक्ष र कार्यवाहक वडाअध्यक्षले विभिन्न समयमा दाजु आशाराम चौधरी र भाई रामकुमार लेखीको जग्गा सम्बन्धि विवादबारे यहाँस्थित २ नं.नापी टोली, नापी कार्यालय राजविराजलाई पटक-पटक फरक-फरक सिफारिश पठाउन थालेपछि दाजु-भाई बीचको विवाद चर्किदै गएको छ भने नापी कार्यालय पनि अलमलमा परेको छ ।

सोही विषयलाई लिएर सोमवार रामकुमार लेखीले राजविराजमा पत्रकार सम्मेलनको आयोजना गरी यसबारे खुलासा गरेका हुन ।




उनले परापुर्वकाल देखी उक्त पालिकाको वडा नं.८ मा रहेको सिट नं.२ को कित्ता नं २ को गाउँ ब्लकको करिब ३२ धुर जग्गा आफुले भोगचलन गर्दै आएको र २०७२ सालमा नापी टोली जग्गा नापी गर्न आएका वखत पनि श्रीमती शान्तिदेवी चौधरीको एकल नाममा राख्नु पर्ने भन्दै टिपेर गएको बताए ।

पछी गएर वडा कार्यालयको सिफारिश माग गरिएको र वडा कार्यालयले केही समय कै अन्तरालमा फरक-फरक सिफारिश पत्र नापी कार्यालयलाई पठाउन थालेपछी लालपुर्जा पाउनबाट बञ्चित रहेको र दाजु-भाई बीच विवाद हुन थालेका उनको कथन छ ।

चौधरी दाजु-भाईको २०५७ साल मै सप्तरी जिल्ला अदालतबाट विधिवत अंशवण्डा भइसकेको छ । विवादमा परेको जग्गा भने आफुले भोग चलन गर्दै आएको र आफ्नो श्रीमती शान्तिको नाममा लालपुर्जा बन्नु पर्ने रामकुमारको माग दाबी छ ।

रामकुमारका अनुसार नापी कार्यालयले वडा कार्यालयको सिफारिश माग गरेपछी २०७८ साल पुष १२ गते कार्यवाहक वडाअध्यक्ष सगुन पोखरेलले उक्त जग्गामा शान्ति देवी चौधरीको हक लाग्ने ठहर सहित सिफारिश गरेको थियो । त्यसको ९ दिन पछी २०७८ पुष २१ गते वडाअध्यक्ष कुसुम आर्चायले रामकुमार र उनका दाजु आशाराम दुबैको उक्त जग्गामा अंश लाग्ने भनी अर्को सिफारिश नापी कार्यालयमा पठायो ।

त्यसको ३ महिनापछि फेरी कार्यवाहक वडाअध्यक्ष बनेका सगुन पोखरेलले २०७८ पुष १२ गते आफ्नो पुरानो निर्णय सच्याउँदै उक्त जग्गामा दाजु-भाई आशाराम र रामकुमार दुबैको अंश लाग्ने अर्को सिफारिश गर्‍यो । उक्त सिफारिश प्रक्रियामा रहेका बेला निर्वाचित भएर नयाँ वडाअध्यक्ष भइ आएका अशोक आर्चायले २०८० मंसिर ५ गते रामकुमार लेखी र उनका श्रीमती शान्ती परापुर्वकाल देखी नै भोग चलन गर्दै आएको भन्दै उक्त जग्गाको लालपुर्जा शान्ति कै नाममा बन्नु पर्ने भनी नापी कार्यालयमा सिफारिश गर्‍यो ।

त्यसको एक महिना पनि नबित्दै २०८१ साल पुष १ गते कार्यवाहक वडाअध्यक्ष बनेका तेतर चौधरीले उक्त सिफारिश उल्टाउँदै दाजु आशाराम र भाई रामकुमार लेखी दुबैको अंश लाग्ने भन्दै अर्को सिफारिश गर्‍यो ।

सिफारिशको क्रम यहाँ पनि रोकिएन । एक महिना अघि २०८१ पुष २२ गते

***बाँकी अन्तिम पृष्ठमा***

# गाउँपालिकामै स्वास्थ्य प्रयोगशाला संचालनमा आएपछी सदरमुकाम आउने बाध्यता हट्यो




**दैनिक समाचारदाता**
**राजविराज, २१ माघ ।**

सप्तरीको राजगढ गाउपालिका वडा नं. ४ बेल्हीचपेनामा स्वास्थ प्रयोगशालाको उदघाटन गरिएको छ ।

बसन्त पञ्चमीको अवसरमा सोमबार उक्त स्वास्थ्य प्रयोगशालाको सोमबार गाउँपालिका अध्यक्ष ओमप्रकाश मण्डलले उद्घाटन गरेका हुन् ।

स्वास्थ्य प्रयोगशालाको उद्घाटन गर्दै गाउँपालिका

***बाँकी अन्तिम पृष्ठमा***

# रकम दोब्बरका नाममा ठगीका आरोपित महिला पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, २१ माघ ।**

सर्वसाधारणसँग रकम दोब्बर पारिदिने भन्दै रकम लिएर ठगी धन्दा चलाउने गिरोहमा संलग्न रहेको आरोपमा सप्तरी प्रहरीले सोमवार एक महिलालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सुनसरीको इनरुवा नगरपालिका ३ निवासी ३६ वर्षिया समिना खातुन छिन । उनलाई ठगी तथा अपराधिक विश्वासघात कसुर मुद्दामा अनुसन्धानका लागी सुनसरीस्थित उनको होटलबाट पक्राउ गरी सप्तरी ल्याइएको प्रहरीले जनाएको छ ।

सोमवार नै उनलाई सप्तरी जिल्ला अदालतबाट म्याद थपेर अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक जीतेन्द्र कुमार वस्नेतले जानकारी दिए ।

प्रहरीले यस अघि उक्त गिरोहका मुख्य नाइकै भनिएका सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका ७ का हनुमानी भन्ने राम बहादुर रजकलाई गत पुष ७ गते पक्राउ गरेको थियो ।

प्रहरीले सोही प्रकरणमा अनुसन्धानका लागी ७ दिन अघि पत्रकार बैद्यनाथ यादवलाई पनि नियन्त्रणमा लिएको थियो ।

लामो समयदेखी हनुमानी गिरोहले सप्तरी र आसपासका क्षेत्रमा रकम दोब्बर पारिदिने भन्दै एजेन्टहरु मार्फत ठगी धन्दा चलाउँदै आएको प्रहरीको भनाइ छ ।

# डाका मुद्दाका फरार अभियुक्त पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, २१ माघ ।**

जिल्ला प्रहरी कार्यालय सप्तरीले पाँच वर्षदेखी फरार रहेका डाँका मुद्दाका एक अभियुक्तलाई सोमबार पक्राउ गरेको छ ।

राजविराज ४ मा २०७६ साल माघ १० गते भएको डाँका घटनामा संलग्न रही फरार भएका राजविराज ६ निवासी आफताव भन्ने अलताफ शेखलाई प्रहरीले घर टोल मै लुकि बसेको अवस्थामा पक्राउ गरेको हो ।

उक्त मुद्दामा सप्तरी जिल्ला अदालतले शेखलाई दोषी ठहर गर्दै ३ महिना कैद र १० हजार रुपैया जरिवाना तोकेको थियो ।

घटना लगतै उनी फरार रहेको र सोमवार नै उनलाई अदालत उपस्थित गराइएको प्रहरीले जनाएको छ ।

## सम्पादकीय ....

### पुनः विपद्को पूर्वतयारी आवश्यक

हरके वर्ष नेपाली सेना, सशस्त्र प्रहरी तथा नेपाल प्रहरीको सहयोगमा विपद् पूर्व तयारीका अभ्यासहरु गरिने गरिन्छ। वर्षाका कारण आउने बाढी, आगलागि लगायतको पूर्व तयारी गरिएको छ। विपद्बाट हुने जनधनको क्षतिलाई न्युनिकरणका लागि पूर्व तयारी गरिए पनि यो सुखद पक्ष हो। हरेक वर्ष विपद्बाट सप्तरी जिल्लामा निकै धनजनको क्षति हुनेगर्छ। विपद्ले जिल्लामा विगतका वर्षहरुमा निकै क्षति पुऱ्याएको तथ्याङ्कबाट पुष्टि हुन्छ।

अब केही दिनपछी हावाहुरी चल्ने मौसम आउछ। सोही हावाहुरीले आगजनीको सम्भावना पनि उत्तिकै हुन्छ। हामी जहिले पनि वर्षायाम सुरुवात भएपछि मात्र बाढीबाट हुन सक्ने क्षति बारेमा सोच्न बाध्य हुन्छौं। हरेक वर्ष बाढीबाट हुने क्षतिको तथ्याङ्क पनि हामीलाई थाहा छ। जनचेतनाको अभावमा आगलागिका घटनाहरु हुने गरेको छ। यसका लागि पनि सरोकारवाला निकायले अग्रसरता देखाउनु उत्तिकै जरुरी छ। आगलागिका घटनालाई न्युनिकरणका लागि सबै पालिकाले जनचेतना फैलाउनु उचित कदम चाल्नु पर्छ।

तसर्थ विपतको प्रकोपबाट जनतालाई जोगाउन र क्षति न्युनिकरणका लागि सम्बन्धीत निकायले यसरी नै अग्रसरता देखाई रहे भविष्यमा यसबाट जुद्धन मद्दत गर्छ।

# पाथीभरा केबलकार विवाद : एक सातादेखि यातायात ठप्प, जनजीवन प्रभावित

**दिलकुमार लिम्बु**

ताप्लेजुङ, २१ माघ (रासस)।

पाथीभरामा निर्माणाधीन केबलकारको विरोधमा एक सातादेखि जारी यातायात बन्दले सुदुरपूर्वी पहाडी जिल्लाको जनजीवन प्रभावित भएको छ।

गत माघ १२ मा 'नो केबलकार समूह' र प्रहरीबीचको झडपमा दुई जनालाई गोली लागेपछि आन्दोलनरत पक्षले यातायात बन्द आह्वान गरेको हो। आन्दोलनरत पक्षले केबलकार निर्माणको काम तत्काल रोक्नुपर्ने, गिरफ्तार गरिएका प्रदीप मादेन, चन्द्रसागर लिम्बू र लक्ष्मण लिम्बूलाई रिहा गर्नुपर्ने, काफ्लेपाटीमा रहेको सशस्त्र र नेपाल प्रहरीको टोली प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्मालेका अनुसार वार्ता र संवाद भइरहेको छ, "प्रदेश र सङ्घीय सरकारमार्फत पनि वार्ता र समन्वय हुनेछ। जिल्लाबाट पनि गरिँदै छ", उहाँले भन्नुभयो, "जिल्लामा शान्ति सुरक्षा प्रवाह, अलपत्र परेका यात्रुको उद्धारलगायत काम गरिरहेका छौँ। सोमबार पनि केही तीर्थयात्री र पर्यटक जिल्ला भित्रिएका छन्। उहाँहरूलाई सुरक्षा दिने छौँ।"

**पाथीभरामा केबलकार नालीबेली**

फुङलिङ-१० काफ्लेपाटीदेखि मन्दिर छेउसम्म २ दशमलव ७ किमी केबलकार निर्माण भइरहेको छ। आन्दोलनरत पक्षले पाथीभरा मुक्कुमलुङ लिम्बू समुदायको मुन्धुमीस्थल भएकाले यथावत् राख्नुपर्ने माग गर्दै आएका छन्। ताप्लेजुङ सदरमुकाम फुङलिङको तोक्मेडाँडामा मोटर बाटोको टचाक पुगेपछि उद्घाटन गर्न तत्कालीन राजा वीरेन्द्र र रानी ऐश्वर्य शाह २०४४ पुस १९ मा फुङलिङ पुगेका थियो। त्यस क्रममा ओलाङचुङगोलाका व्यापारी छवाङ तेन्जिङ शेर्पाले पाथीभरामा केबलकार बनाउनुपर्छ भन्ने प्रस्ताव गर्नुभएको थियो। छवाङ, सोनाम तेन्जिङ र फुर्बु वालुङले २०५४ मा कञ्चनजङ्घा केबलकार प्रालि दर्ता गर्नुभयो।

केबलकार निर्माणको तल्लो स्टेसन बनाउन काफ्लेपाटीमा ९२ रोपनी जमिन भएका ध्रुवनारायण श्रेष्ठ २०४३ सालका विराटनगर उपमहानगर प्रमुखले २०७२ मा पाथीभरा देवी केबलकार दर्शन प्रालि कम्पनी दर्ता गर्नुभयो। त्यसअघि नै सङ्घाइ ग्रुपका सुभाष सङ्घाइले त्रिवेणी केबलकार कम्पनी दर्ता गरिसकेका थियो। सङ्घाइले केबलकार निर्माणका लागि सरकारबाट अनुमति लिन फुङलिङ नगरपालिका, तत्कालीन फुरूम्बु, फावाखोला गाविस र पाथीभरा क्षेत्रका छ वटा सामुदायिक वन उपभोक्ता समितिका अध्यक्षबाट सिफारिस लिएका थियो।

फुङलिङ नगरपालिकाको कार्यपालिका बैठकले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार २०७५ जेठ १३ पाथीभरा माता दर्शन केबलकार प्रालिलाई निर्माणको अनुमति दियो। अनुमति लिएको केही वर्षमा ध्रुवनारायण श्रेष्ठको पाथीभरा देवी केबलकार दर्शन प्रालि कम्पनी यती समूहले स्वामित्व लिएपछि श्रेष्ठ बाहिरिनुभयो।

यती समूहले अहिले आइएमई ग्रुपलाई कम्पनी बिक्री गरेको छ। उद्योग वाणिज्य महासङ्घका अध्यक्ष समेत रहनुभएका चन्द्र ढकालले यसको नेतृत्व गर्नुभएको छ। उहाँले यसअघिका विवादका विषयमा आफू जानकार नभएको र सातै प्रदेशमा एक-एक वटा केबलकार बनाउने आफ्नो योजनाअनुसार पाथीभरामा पनि केबलकार स्थापना गर्न लागेको बताउनुभयो। दुई दशमलव ७५ किमी लामो दूरीको केबलकार निर्माणका लागि रू तीन अर्ब लगानी गर्ने योजना रहेको उहाँले बताउनुभयो। "हामीले व्यापारभन्दा आर्थिक विकास र रोजगारीको प्राथमिकताका दिएका छौँ।" उहाँले भन्नुभयो, "राष्ट्रियस्तरबाटै समाधान गरेर लगानीको वातावरण बनाइदिनुपर्छ।"

**विवादको सुरूआत**

पाथीभराको गुरूयोजना बनाउन पुरातत्व विभागको टोली बोलाइएको थियो। उक्त टोलीमा आएका कर्मचारीले मूर्तिहरू राखेर सांस्कृतिक अतिक्रमण भएको र पाथीभरालाई प्राकृतिक रूपमै राख्न यसलाई हटाउनुपर्ने अभिव्यक्ति दिएका थियो। त्यही अभिव्यक्तिपछि पहिला यसको नाम मुक्कुमलुङ रहेको र अतिक्रमण भएर पाथीभरा नाम राखिएको आवाज उठ्न थाल्यो। अहिले श्री लिम्बूको नेतृत्वमा मुक्कुमलुङ संरक्षण समिति, खगेन्द्र फेम्बुको नेतृत्वमा पाथीभरा केबलकार खारेजी संयुक्त सङ्घर्ष समिति रहेको छ।

'मुक्कुमलुङ' लाई अतिक्रमण गरेर 'पाथीभरा' बनाइएकाले 'मुक्कुमलुङ' नै राख्न आन्दोलनरत पक्षले सरकारलाई पटकपटक ज्ञापनपत्र पनि बुझायो। मुक्कुमलुङमा सांस्कृतिक अतिक्रमण गरिएको र लिम्बू समुदायको मुन्धुमीस्थल भएको उहाँहरूको दाबी छ। आन्दोलनरत समूहको एकमात्र माग मुन्धुमीस्थलमा कुनै पनि हालतमा ठूला पूर्वाधार बनाउन नदिने रहेको छ। विवादमा अहिले 'नो कोशी' आन्दोलन पनि सामेल छ। पहिचान पक्षधर नेता अहिले मुक्कुमलुङ संरक्षण अभियानमा जोडिएका छन्।

गत माघ १२ मा बलुडाँडामा गोली चलेपछि विवाद राष्ट्रिय मुद्दाको रूप लिएको छ। पाथीभरामा केबलकार निर्माणको विषयमा विवाद हुँदा गत शनिबार फुङलिङ नगरपालिका-११ बलुडाँडामा केबलकार निर्माणको विरोध गर्दै मुक्कुम्लुङ बचाउ सङ्घर्ष समितिले गरेको प्रदर्शनमा झडप हुँदा प्रहरीको गोली लागि चार जना घाइते भएका थिए। प्रहरीसँगको झडपमा यामबहादुर लिम्बू, सगुन लावती, धर्मान पालुङ्वा र मङ्गल लावती घाइते भएका हुन्। यमाबहादुर लिम्बू र सगुन लावतीलाई प्रहरीले चलाएको गोली लागेको थियो। प्रहरीले गोली चलाएपछि आन्दोलनले राष्ट्रिय मुद्दाको रूप लिएको छ।

नो केबलकार समूहहरूले गत मङ्गलबारदेखि मेची राजमार्ग, तमोर कोरिडोर, तथा ताप्लेजुङमा सदरमुकाम आउने सडकमा यातायात बन्द गरेको थियो। आन्दोलनरत पक्षले थप माघ २० र २१ गते नौ जिल्ला लिम्बुवान बन्दको घोषणा समेत गरेको छन्।

ताप्लेजुङ, पाँचथर, इलाम, झापा, मोरङ, सुनसरी, धनकुटा, तेह्रथुम र सङ्खुवासभालगायतको जिल्ला बन्दको घोषणा गरेको हो। यही माघ २० र २१ गतेसम्म आन्दोलनरत पक्षको मागको सम्बोधन नगरे २२ गतेदेखि अनिश्चितकालीन लिम्बूवान आमहड्ताल घोषणा गरिने जनाएको छ।

**वार्ता टोली गठन**

यता सरकारले पाथीभरा (मुक्कुम्लुङ)क्षेत्रमा केबलकार निर्माणको क्रममा उत्पन्न विवाद समाधानका लागि सम्बद्ध पक्षहरूसँग वार्ता गर्न गृह मन्त्रालयका सहसचिव प्रेमप्रसाद भट्टराईको संयोजकत्वमा वार्ता टोली गठन गरेको छ।

गृहमन्त्रालयले आइतबार अबेर जारी गरेको विज्ञप्तिमा वार्ता र संवादको माध्यमबाट समस्या समाधान गर्न सहसचिव भट्टराईको संयोजकत्वमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र सहरी विकास मन्त्रालयका प्रतिनिधि समेत रहेको वार्ता टोली गठन गरिएको जनाएको छ।

वार्ता टोलीले तत्काल कार्य प्रारम्भ गर्ने र आन्दोलनरत पक्षलाई समेत आन्दोलनका कार्यक्रम फिर्ता लिई संवादमार्फत समस्या समाधानमा सहयोग गर्न गृह मन्त्रालयले अपिल गरेको सहसचिव एवं प्रवक्ता रामचन्द्र तिवारीले जानकारी दिनुभयो। मन्त्रालयद्वारा जारी विज्ञप्तिमा गृहमन्त्री रमेश लेखकले आवश्यक पहलकदमी लिई ताप्लेजुङ र छिमेकी जिल्लाबाट प्रतिनिधित्व गर्ने प्रतिनिधिसभा सदस्यलगायतसँग नियमित संवाद तथा समस्या समाधानका लागि पहल गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ।

सरकारको कार्यविभाजन नियमावली, २०७४ बमोजिम रज्जुमार्ग, केबलकारसम्बन्धी नीति, कानुन र मापदण्डको विषय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग सम्बन्धित देखिएकाले केबलकार निर्माणको विषयमा स्थानीय रूपमा उठेका सवाल र सरोकारका विषयलाई समेत ध्यान दिँदै सबै सरोकारवालासँग समन्वय र सहजीकरण गरिएको मन्त्रालयले जनाएको छ।

समस्या बहुपक्षीय सरोकार रहेको तथा शान्ति सुरक्षा व्यवस्थापन गर्नुपर्ने भएकाले अन्य सरोकारवाला निकायसहितको समन्वय र सहजीकरण गृह मन्त्रालयबाटै गर्न उपयुक्त हुने व्यहोराको पत्र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त भएको गृह मन्त्रालयले विज्ञप्तिमा उल्लेख छ।

# मुलुकको कूल व्यापार घाटा सात खर्ब २३ अर्ब

काठमाडौँ, २१ माघ (रासस)।

मुलुकको कूल व्यापार घाटा रु सात खर्ब २३ अर्ब ५८ करोड बराबर पुगेको छ।

चालु आर्थिक वर्षको छ महिनामा कूल वस्तु व्यापार घाटा चार दशमलव चार प्रतिशतले वृद्धि भएको नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको विवरणमा उल्लेख छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटामा दुई दशमलव छ प्रतिशतले कमी आएको थियो। समीक्षा अवधिमा निर्यात-आयात अनुपात १२ प्रतिशत पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात नौ दशमलव आठ प्रतिशत थियो।

चालु आवको छ महिनामा कूल वस्तु निर्यात ३१ दशमलव आठ प्रतिशतले वृद्धि भई रु ९८ अर्ब ७९ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यातमा सात दशमलव दुई प्रतिशतले कमी आएको थियो।

गन्तव्यका आधारमा भारत, चीन र अन्य मुलुकतर्फको निर्यात क्रमशः ४६ दशमलव एक प्रतिशत, १९ दशमलव सात प्रतिशत र एक प्रतिशतले वृद्धि भएको छ। वस्तुगत आधारमा सोयाबिन तेल, चिया, पोलिस्टर यार्न तथा थ्रेड, पार्टिकल बोर्ड, अलैंचीलगायत वस्तुको निर्यात बढेको छ भने पाम तेल, जिंक शिट, अदुवा, तयारी पोसाक, जडीबुटीलगायत वस्तुको निर्यात घटेको छ।

त्यसैगरी कूल वस्तु आयात सात दशमलव एक प्रतिशतले वृद्धि भई रु आठ खर्ब २२ अर्ब ३७ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयातमा तीन दशमलव एक प्रतिशतले कमी आएको थियो। वस्तु आयात गरिने मुलुकका आधारमा भारत, चीन र अन्य मुलुकबाट भएको आयात क्रमशः पाँच दशमलव नौ प्रतिशत, आठ दशमलव नौ प्रतिशत र नौ प्रतिशतले वृद्धि भएको छ।

वस्तुगत आधारमा कच्चा भटमास तेल, चामल/धान, यातायात उपकरण, सवारीसाधन तथा अन्य सवारीसाधनका स्पेयर पार्टस्, स्पन्ज आइरन, खाने तेल

*बाँकी तीन पृष्ठमा*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# विदेशी मुद्राको कूल सञ्चिती २३ खर्ब १६ अर्ब ८४ करोड

काठमाडौँ, २१ माघ (रासस)।

देशभित्र विदेशी मुद्राको कूल सञ्चिती रु २३ खर्ब १६ अर्ब ८४ करोड बराबर पुगेको छ। नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको चालु आर्थिक वर्षको छ महिनाको विवरण अनुसार गत असार मसान्तमा रु २० खर्ब ४१ अर्ब १० करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति १३ दशमलव पाँच प्रतिशतले वृद्धि भई गत पुस मसान्तमा रु २३ खर्ब १६ अर्ब ८४ करोड पुगेको हो।

अमेरिकी डलरमा यस्तो सञ्चिति गत असार मसान्तमा १५ अर्ब २७ करोड रहेकोमा गत पुस मसान्तमा १० दशमलव तीन प्रतिशतले वृद्धि भई १६ अर्ब ८४ करोड पुगेको छ। कूल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति गत असार मसान्तमा रु १८ खर्ब ४८ अर्ब ५५ करोड रहेकोमा गत पुस मसान्तमा १२ दशमलव एक प्रतिशतले वृद्धि भई रु २० खर्ब ७२ अर्ब ३४ करोड पुगेको जनाइएको छ।

बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंकबाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति गत असार मसान्तमा रु एक खर्ब ९२ अर्ब ५५ करोड रहेकोमा गत पुस मसान्तमा २७ प्रतिशतले वद्धि भई रु दुई खर्ब ४४ अर्ब ५० करोड कायम भएको छ। गत पुस मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २४ दशमलव तीन प्रतिशत रहेको छ।

आव २०८१/८२ को छ महिनाको आयातलाई आधार मान्दा बैकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १७ दशमलव तीन महिनाको वस्तु आयात र १४ दशमलव चार महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त देखिन्छ।

त्यसैगरी शोधनान्तर स्थिति रु दुई खर्ब ४९ अर्ब २६ करोडले बचतमा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु दुई खर्ब ७३ अर्ब ५२ करोडले बचतमा रहेको थियो। अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा दुई अर्ब ६ करोडले बचतमा रहेको शोधनान्तर स्थिति समीक्षा अवधिमा एक अर्ब ८२ करोडले बचतमा रहेको छ।

केन्द्रीय बैंकका अनुसार, समीक्षा अवधिमा चालु खाता रु एक खर्ब ४८ अर्ब १७ करोडले बचतमा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रु एक खर्ब ६२ अर्ब ५६ करोडले बचतमा रहेको थियो। अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा एक अर्ब २२ करोडले बचतमा रहेको चालु खाता समीक्षा अवधिमा एक अर्ब आठ करोडले बचतमा रहेको छ।

### मुलुकको कूल...

लगायतका वस्तुको आयात बढेको छ भने पेट्रोलियम पदार्थ, कच्चा पाम तेल, सुन, रासायनिक मल, केराउ लगायतका वस्तुको आयात घटेको छ।

निर्याततर्फ भैरहवा, विराटनगर, वीरगंज, सुख्खा बन्दरगाह, कैलाली, कृष्णनगर, मेची, नेपालगञ्ज र रसुवा भन्सार कार्यालय बाहेकका प्रमुख नाकाबाट गरिएको निर्यात घटेको छ। आयाततर्फ सुख्खा बन्दरगाह बाहेक भैरहवा, विराटनगर, वीरगञ्ज, जलेश्वर, कैलाली, कञ्चनपुर, कृष्णनगर, मेची, नेपालगञ्ज, रसुवा, तातोपानी, त्रिभुवन विमानस्थल भन्सार कार्यालय लगायतका सम्पूर्ण प्रमुख नाकाबाट भएको आयातमा वृद्धि भएको छ।

समीक्षा अवधिमा भारतबाट परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी रु ८८ अर्ब ५६ करोड बराबरको वस्तु आयात भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात रु ७६ अर्ब २५ करोड बराबरको भएको थियो।


नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी, राजविराज

मिति :-२०८१/१०/२०

विषयः- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना ।

यसमा २००४ सालको जमाबन्दी श्रेप्ता बमोजिम सुदामी बति वैश्यनीको नाममा दर्ता रहेका साबिक प्रगन्ना जगदर मौजे थल्ही कट्टीको सा.कि.नं. ४४ को ज.वि. ०-२-११, ऐ.ऐ. सा.कि.नं.९ ज.वि.०-३-४ हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला सप्तरी गा.वि.स बोरिया वडा नं. ४ हाल राजविराज न.पा. वडा नं. १६ बस्ने सुदामी बति वैश्यनीको बुहारी कुशेश्वर लाल देवको पत्नी बिन्दा देवी वैश्यनीको यस कार्यालयमा द.नं. १६४३७ मिति २०८०/११/३० गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८१/०१/०७ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी , प्रति, गोचर, समसानघाट, पैनी, पौवा, पोखरीको डिल, पोखरी, पानीघाट, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| साविक कि.नं. | साविक दर्तावाला | गा.वि.स. | वार्ड नं. | हालक ो कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ४४<br>९ | सुदामी वति वैश्यनी | बोरिया | ४ | २५८<br>२५९ | ०-१-९<br>०-१-१० | बिन्दा देवी वैश्यनी | यो जग्गाको फिल्डबुकको कैफियत महलमा यो जग्गा बोरिया बस्ने सुदामा बतिको हो उल्लेख रहेको ज.ध. महल खाली, किसानको महल खाली, किसानको व्यहोरा महल खाली भएको। |



नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमिसुधार तथा मालपोत कार्यालय सप्तरी
राजविराज

प.सं. २०८१/८२
च.नं. २३६५

मिति: २०८१/१०/२०

विषय : ३५ दिने हकदावी सम्बन्धि सार्वजनिक सूचना |

४७ नं. को रैती महम्दी मियाँ तथा ७० नं. को रैती अब्दुल मियाँको नाममा दर्ता रहेको साविक प्रगन्ना मालझमुना मौजे खेसराहा खोजपुर हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता गरि जग्गाधनी प्रमाण-पुर्जा पाउँ भनि जिल्ला सप्तरी साविक गा.वि.स. खोजपुर वडा नं. ५ हाल परिवर्तित खडक न.पा. वडा नं ८ बस्ने अमिन मियाँको यस कार्यालयमा द.नं. ८८८८ मिति २०८१/०९/०२ गतेमा निवेदन परि हकदावी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गर्न मिति २०८१/१०/२० गतेमा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ | तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता गर्दा कसैको हक जाने छ भने सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण यस कार्यालयमा उजुरी गर्नु होला | म्याद भित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ | यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ |

तपसिल

| सा.कि.नं. | गा.वि.स. | वाडे.नं. | हाल कि.नं. | जग्गा क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|
| ६७० | खोजपुर | १ | १४९ | ०-१-९ | महम्दी मियाँ | फिल्ड बुकको कैफियत महलमा खोजपुर ५ नं. वडा बस्ने अमिन मियाँको नम्बरी हो भनि उल्लेख रहेको |
| १९३ | खोजपुर | १ | १४२ | ०-४-३.५ | अब्दुल मियाँ | |

श्री लक्ष्मी प्रसाद खरेल
(प्रमुख मालपोत अधिकृत)


## विश्व समाचार

### युएसएआइडी 'अपराधी' हो- मस्क, युएसएआइडीका नेताहरू 'कट्टरपन्थी पागल' हुन्- ट्रम्प

वासिङ्गटन, २१ माघ (रासस/एएफपी)।

अर्बपति एलन मस्कले अमेरिकी अन्तर्राष्ट्रिय विकास एजेन्सीलाई आइतबार 'आपराधिक सङ्गठन' भन्नुभएको छ। त्यस्तै राष्ट्रपति डोनाल्ड ट्रम्पले एजेन्सी 'कट्टर पागलहरूद्वारा सञ्चालित' भएको दाबी गर्दै यसको भविष्यबारे विचार गरिरहेको बताउनुभएको छ।

विदेशमा मानवीय सहायता प्रदान गर्ने जिम्मेवारी पाएको एजेन्सीमाथिको आक्रमणले ट्रम्पको सरकारी विभागहरूलाई उल्टाउन र जोडीले व्यर्थको आधिकारिक खर्च र अधिकार क्षेत्र मान्ने कुराको विरोध गर्न मस्कलाई अभूतपूर्व शक्ति दिने कदममा एउटा महत्त्वपूर्ण नयाँ मोर्चालाई चिह्नित गरेको छ।

"युएसएआइडी एक आपराधिक सङ्गठन हो", राष्ट्रपतिको सबैभन्दा शक्तिशाली समर्थक बनेका टेस्ला र स्पेसएक्सका अर्बपति मालिक मस्कले आफ्नो एक्स प्लेटफर्ममा युएसएआइडीलाई 'दुष्ट सिआइए काम' मा संलग्न भएको आरोप लगाउने भिडियोको जवाफ दिँदै लेख्नुभएको छ।

त्यसपछिको पोस्टमा मस्कले कुनै प्रमाण नदिई आफ्ना २१ करोड ५० लाख एक्स फलोअर्सलाई सोध्नुभयो, "के तपाईंलाई थाहा छ कि युएसएआइडीले तपाईंको कर डलर प्रयोग गरेर कोभिड-१९ लगायत जैविक हतियार अनुसन्धानलाई वित्त पोषित गर्यो, जसले लाखौं मानिसको ज्यान लियो ?"

उहाँले यी आरोपहरूबारे थप व्याख्या गर्नुभएन। यसलाई अघिल्लो प्रशासनका अधिकारीहरूले रुसी दुष्प्रचार अभियानसँग जोडेका थिए।

"युएसएआइडी कट्टरपन्थी पागलहरुद्वारा सञ्चालित छ र हामी तिनीहरूलाई बाहिर निकाल्दै छौं... र त्यसपछि हामी (यसको भविष्यका बारेमा) निर्णय गर्नेछौं", ट्रम्पले विस्तृत विवरण नदिई आइतबार भन्नुभयो।

उहाँले अर्बपति मस्कप्रति आफ्नो समर्थनलाई जोड दिँदै आइतबार राति पत्रकारहरूलाई भन्नुभयो, "मैले मस्कले राम्रो काम गरिरहेको महसुस गरें।"

ट्रम्पले सुरुमा सबै सहायता खर्चलाई तीन महिनाका लागि रोक्नुभयो। यद्यपि उहाँले पछि खाद्यान्न र अन्य मानवीय सहायता जारी राख्न छुट दिनुभयो। सहायता कार्यकर्ताहरूले स्वतन्त्र एजेन्सीका रूपमा सङ्गठनको भविष्य सुनिश्चित नभएकोले अनिश्चितता छाएको बताएका छन्।

कंग्रेसको एउटा ऐनद्वारा स्थापित स्वतन्त्र एजेन्सी युएसएआइडीले विश्वभर मानवीय राहत र विकास सहायताका लागि ४२ अर्ब ८० करोड डलरको बजेट व्यवस्थापन गर्दछ।

अमेरिकास्थित सङ्गठनका एकजना वरिष्ठ अधिकारीले 'आपतकालीन' सहायताको प्राथमिकतालाई वासिङ्टनले अरू कुनै पनि कुराका लागि कोष बन्द गर्ने व्यापक योजनाको हिस्सा भएको डर व्यक्त गर्नुभयो।

ट्रम्प युएसएआइडीलाई विदेश विभागमा राख्न चाहनुहुन्छ भन्ने पनि खबर आएको छ। वासिङ्टन समयअनुसार सोमबार मध्यरातमा आफ्नो एक्स प्लेटफर्ममा आयोजित कुराकानीका क्रममा मस्कले भन्नुभयो, "यसलाई (युएसएआइडी) बन्द गर्न हामी सहमत भएका छौं भनेर बुझ्दा हुन्छ।"

### चीनको डिपसिकविरुद्ध मुद्दा हाल्ने 'कुनै योजना छैन'- अल्टम्यान

टोकियो, २१ माघ (रासस/एएफपी)।

ओपनएआइका प्रमुख साम अल्टम्यानले सोमबार अमेरिकी कम्पनीको चिनियाँ स्टार्टअप डिपसिकमाथि मुद्दा हाल्ने कुनै योजना नभएको बताउनुभएको छ। डिपसिकले सिलिकन भ्यालीलाई यसको शक्तिशाली र स्पष्ट रूपमा सस्तो रूपमा विकसित च्याटबटले हल्लाएको थियो। च्याटजिपिटी निर्माता ओपनएआईले गत हप्ता चिनियाँ कम्पनीहरूले सक्रिय रूपमा उनीहरूको उन्नत एआई मोडेलहरूको प्रतिलिपि बनाउने प्रयास गरिरहेको चेतावनी दिएको थियो।

"होइन, हामीसँग अहिले डिपसिकलाई मुद्दा हाल्ने कुनै योजना छैन। हामी राम्रा उत्पादनहरू बनाउन र मोडेल क्षमतामा विश्वको नेतृत्व गर्न जारी राख्नेछौं र मलाई लाग्छ त्यो ठीक हुनेछ", अल्टम्यानले टोकियोमा पत्रकारहरूलाई भन्नुभयो, "डिपसिक निश्चय नै एक प्रभावशाली मोडेल हो तर हामी विश्वास गर्छौं कि हामी सीमाहरू पार गर्न र राम्रा उत्पादनहरू दिन जारी राख्नेछौं, त्यसैले हामी अर्को प्रतिस्पर्धी पाएकोमा खुसी छौं, हामीले पहिले धेरै पाएका छौं र मलाई लाग्छ कि हामी अगाडि बढ्न र नेतृत्व जारी राख्नु सबैको हितमा छ।"

डिपसिकको प्रदर्शनले एआई पावरिङ च्याटजिपिटी जस्ता अग्रणी अमेरिकी प्रविधिको क्षमतालाई रिभर्स-इन्जिनियरिङ गरेको आरोपको लहर निम्त्याएको छ।

ओपनएआईका अनुसार प्रतिस्पर्धीहरूले डिस्टिलेसन नामक प्रक्रिया प्रयोग गरिरहेका छन् जसमा शिक्षकबाट सिक्ने विद्यार्थी जस्तै साना मोडेलहरू बनाउने डेभलपरहरूले ठूला मोडेलहरूको व्यवहार र निर्णय-निर्माण ढाँचाहरूको नक्कल गरेर सिक्छन्। तर कम्पनी आफैँले बौद्धिक सम्पत्ति उल्लङ्घनका धेरै आरोपहरूको सामना गरिरहेको छ। मुख्यतया यसको जेनेरेटिभ एआई मोडेलहरूको प्रशिक्षणमा प्रतिलिपि अधिकारयुक्त सामग्रीको प्रयोगसँग सम्बन्धित छ।

# सरकार ज्येष्ठ नागरिकप्रति सचेत र संवेदनशील छ : उपप्रधानमन्त्री पौडेल

लुम्बिनी, २१ माघ (रासस)।

उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णु पौडेलले वर्तमान सरकार ज्येष्ठ नागरिकप्रति सचेत र संवेदनशील रहेको बताउनुभएको छ। ज्येष्ठ नागरिकको सम्मान, सुरक्षा र चाहनाप्रति राज्य विमुख हुन नमिल्ने उहाँले बताउनुभयो।

रुपन्देहीको तिलोत्तमा नगरपालिकाममा निर्माण गर्न लागिएको ज्येष्ठ नागरिक मिलन केन्द्रको सोमबार भवन शिलान्यास गर्नुहुँदै उपप्रधानमन्त्री पौडेलले नेपाल कम्युनिष्ट पार्टी (एमाले) ज्येष्ठ नागरिकको सम्मानका लागि सचेत रहेको बताउनुभयो। उहाँले यसको उदाहरण २०५२ सालमै तत्कालीन मनमोहन अधिकारी नेतृत्वको सरकारले ज्येष्ठ नागकिको सम्मानस्वरुप सामाजिक सुरक्षा भत्ताको सुरुआत गरेको स्मरण गराउनुभयो।

तत्कालीन अवस्थामा रु १०० बाट सुरु भएको सामाजिक सुरक्षा भत्ता आफू अर्थमन्त्री हुँदा रु चार हजार पु्र्याउने अवसर पाएको उल्लेख गर्दै उपप्रधानमन्त्री पौडेलले यसको श्रेय भने प्रधानमन्त्री केपी शर्मा ओलीलाई जाने बताउनुभयो। "बजेट निर्माणका बेलामा प्रधानमन्त्रीले मलाई बोलाएर ज्येष्ठ नागरिकको सामाजिक सुरक्षा भत्ता बढाउनु भनेर निर्देशन दिनुभयो, मैले उहाँको निर्देशनबमोजिम नै सामाजिक सुरक्षा भत्ता वृद्धि भएको हो", उहाँले भन्नुभयो, "यसका लागि पनि ज्येष्ठ नागरिकले प्रधानमन्त्री ओलीलाई सम्झिनुपर्छ।"

ज्येष्ठ नागरिकका लागि सामाजिक सुरक्षा भत्ता प्रदान गर्नुको ठूलो अर्थ र महत्व रहेको उल्लेख गर्दै उहाँले यसले राज्य ज्येष्ठ नागरिकप्रति जिम्मेवार बन्नुपर्छ भन्ने कुरालाई आत्मसात् गरेको बताउनुभयो। "सरकारले ज्येष्ठ नागरिकप्रति गरेको काम पर्याप्त छैन, अझै धेरै गर्नुपर्नेछ", उहाँले भन्नुभयो, "यसका लागि सरकार जिम्मेवारीका साथ अगाडि बढेको छ।"

रुपन्देहीमा ज्येष्ठ नागरिक मिलन केन्द्रले ज्येष्ठ नागरिकका इच्छा र आकाङ्क्षालाई पूरा गर्दै अघि बढिरहेको भन्दै उपप्रधानमन्त्री पौडेलले अब बन्न लागेको अत्याधुनिक भवनका लागि सरकारका तर्फबाट सहयोग हुने विश्वास दिलाउनुभयो।

कार्यक्रममा सांसद वासुदेव घिमिरेले राज्यले गर्नुपर्ने काम समुदायस्तरबाट भएको भन्दै प्रशंसा व्यक्त गर्नुभयो। तिलोत्तमा नगरपालिकाका प्रमुख रामकृष्ण खाणले ज्येष्ठ नागरिक मिलन केन्द्रका लागि नगरपालिकाले पनि सहयोग र सहकार्य गर्ने बताउनुभयो।

रुपन्देहीको तिलोत्तमा-४ मा रहेको ज्येष्ठ नागरिक मिलन केन्द्रमा दिवा सेवा प्रदान गर्ने गरी ५०० ज्येष्ठ नागरिकलाई सेवा दिने लक्ष्यसहित पाँचतले अत्याधुनिक भवन निर्माण गर्न लागिएको केन्द्रका अध्यक्ष ऋषि भण्डारीले जानकारी दिनुभयो। त्यस अवसरमा ज्येष्ठ नागरिकद्वय रोमनाथ कँडेल र नर्मदा अर्यालले केन्द्रको वातावरणमा आफूहरू रोगमुक्त भएको र खुसीसाथ जीवन बिताउन पाएको अनुभव सुनाउनुभएको थियो।

# माघ २४ देखि प्रधानमन्त्री कप जिल्ला छनोट प्रतियोगिता

**दैनिक समाचारदाता**
**राजविराज, २१ माघ।**

प्रधानमन्त्री कप एकदिवसिय पुरूष राष्ट्रिय क्रिकेट प्रतियोगिताको लागि जिल्ला क्रिकेट टिम छनोट प्रतियोगिता माघ २४ देखि हुने भएको छ।

सप्तरी क्रिकेट संघको आयोजना तथा बोदेबरसाइन नपाको सहकार्यमा सप्तरी जिल्ला सिनियर क्रिकेट टिम छनोट प्रतियोगिता बोदेबरसाईन नगरपालिका २ स्थित शत्रुघन माबि बैरवा, नेगडाको खेलमैदानमा संचालन हुने भएको हो।

सप्तरी क्रिकेट संघले सप्तरी जिल्ला क्रिकेट सिनियर टिम चयनका लागि ८२ जना खेलाडीहरूले प्रतिस्पर्धाका लागि नामदर्ता गराएको सप्तरी क्रिकेट संघ उपाध्यक्ष निरज सिंह जानकारी दिए।

जिल्ला टिममा छनोट हनका आवेदन दिएका खेलाडीहरू लागि ६ टिममा बिभाजन गरी प्रतियोगिता मार्फत उत्कृष्ट प्रदर्शनबाट सप्तरी टिम छनोट गरिन खेलाडी छनोट समितिका संयोजक अनवर अलीले बताए।

नामदर्ता गराएका खेलाडीहरूलाई कुल ६ टिममा बिभाजन गरी टिमको नामाकरण समेत गरिएको छ। नामाकरण हुने टिममा छिन्नमस्ता ११, राजदेवी ११, कंकालनी ११, लोहजरा ११, डाक्नेश्वरी ११, शम्भुनाथ ११, क्रिकेट टिम बिच प्रतिस्पर्धा हुने छनोट प्रतियोगिता संयोजक तथा सप्तरी क्रिकेट सँघका सदस्य शम्भु दासले जानकारी दिए।

यस प्रतियोगिताबाट सप्तरी जिल्ला सिनियर क्रिकेट टिम छनोट भई मधेश प्रदेश स्तरिय छनोट प्रतियोगितामा सहभागिता जनाउने छ भने प्रदेश छनोटबाट मधेश प्रदेश टिमले सिधा फागुनमा हुने प्रधानमन्त्री कप एकदिवसिय राष्ट्रिय क्रिकेट प्रतियोगितामा सहभागिता जनाउने छ।

# वैदेशिक अध्ययनमा बाहिरियो ५६ अर्ब ८३ करोड

काठमाडौँ, २१ माघ (रासस)।

वैदेशिक अध्ययनका लागि नेपाली विद्यार्थीले झण्डै रु ५६ अर्ब ८३ करोड बराबर खर्च गरेका छन्।

नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको चालु आर्थिक वर्षको छ महिनाको विवरणअनुसार गत वर्षको सोही अवधिको तुलनामा रु दुई अर्ब बढीले कमी आए पनि शिक्षाको नाममा विदेशिने रकम बढ्दो क्रममा रहेको छ।

अघिल्लो वर्ष वैदेशिक अध्ययनका लागि रु ५८ अर्ब ९५ करोड बराबरको रकम विदेशिएको थियो। समीक्षा अवधिमा सेवा खाताअन्तर्गत भ्रमण व्यय नौ दशमलव सात प्रतिशतले वृद्धि भई रु एक खर्ब एक अर्ब ९२ करोड पुगेको छ। गत वर्ष छ महिनाको अवधिमा भ्रमण व्यय रु ९२ अर्ब ८७ करोड बराबर थियो।

समीक्षा अवधिमा खुद सेवा आय रु ४३ अर्ब ५३ करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा आय रु ३५ अर्ब ४३ करोडले घाटामा रहेको थियो। सेवा खाता अन्तर्गत समीक्षा अवधिमा भ्रमण आय पाँच दशमलव एक प्रतिशतले वृद्धि भई रु ४१ अर्ब ८६ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय रु ३९ अर्ब ८२ करोड रहेको थियो।

## जनप्रतिनीधी ...

वडाअध्यक्ष अशोक आर्चायले आफुले २०८० मंसिर ५ गते रामकुमारको पक्षमा गरेको सिफारिश सच्याउँदै दाजु आशाराम र भाई रामकुमार दुबैको अंश लाग्ने भन्दै दुबैको नाममा लालपुर्जा बनाउन नापी कार्यालयलाई अर्को सिफारिश पत्र पठाएका छन।

६ वटै सिफारिश पत्रको प्रतिलिपि लिएर पत्रकार सम्मेलनमा उपस्थित भएका रामकुमारले यसरी साता र महिना पिच्छै फरक फरक सिफारिशले आफुलाई हैरान बनाएको र लालपुर्जा पाउनबाट बञ्चित रहनु परेको गुनासो गरेका छन।

यता दाजु आशारामले भने पुर्ख्यौली सम्पती रहेको भन्दै सो जग्गामा आफ्नो पनि हक लाग्ने दावी गरेका छन। दिन र महिना पिच्छै एउटै विषयको वडा कार्यालयबाट फरक/फरक सिफारिश आउनाले समस्या भएको भन्दै वास्तविक यकिन गरी मात्र लालपुर्जा प्रदान गरिने सोचमा पुगेको नापी कार्यालयका एक जिम्मेवार अधिकारीले जनाएका छन।

## गाउँपालिकामै स्वास्थ्य ...

अध्यक्ष मण्डलले स्वास्थ्य जाँचका लागि अब गाउँपालिकाका जनतालाई सदरमुकाम राजविराज धाउनु पर्ने बाध्यता हटेको बताए। उनले यस प्रयोगशालाबाटै गाउँपालिकाका सबै जनताले स्वास्थ्य सम्बन्धी जाँच गराई लाभन्वित हुने विश्वास व्यक्त गरे।

सस्तो मुल्यमै विभिन्न रोगको स्वास्थ्य परिक्षण सेवा प्राप्त गर्न पाउने भन्दै अध्यक्ष मण्डलले स्वास्थ्य उपचार सबैका लागि सहज बन्न सकोस् भन्ने उद्देश्यका साथ प्रयोगशाला संचालनमा ल्याइएको बताए।

उनले निकट भविष्यमै गाउँपालिकाले सुविधा सम्पन्न बर्थिङ सेन्टर निर्माण गरि संचालनमा ल्याउने तयारी गरेको जानकारी समेत दिए। प्रयोगशालाका लागि प्रदेश सरकारको तर्फबाट कार्यालय सहयोगि र ल्याब असिस्टेन्टको दरबन्दी रहेको तथा अन्य आवश्यक दरबन्दी गाउँपालिकाबाटै हुने उनले बताए।

राजगढ गाउँपालिका ४ स्थित बेल्हीचपेना स्वास्थ्य चौकी भवनमा संचालनमा ल्याइएको उक्त प्रयोगशालाबाट मधेश प्रदेश सरकार र राजगढ गाउँपालिकाद्वारा संयुक्त लगानी र सहकार्यमा सस्तो मुल्यमा विभिन्न रोगको स्वास्थ्य परिक्षण गराउन पाउने भएका हुन्।

विभिन्न ६० प्रकारका परिक्षण गरिने प्रयोगशालामा न्यूनतम २५ देखी अधिक्तम १ सय ७५ रुँपैया जाँच शुल्क सर्वसाधारणका लागि तय गरिएको गाउँपालिकाले जनाएको छ।

सो अवसरमा गाउपालिका उपाध्यक्ष रेणुदेवी मण्डल, वाड अध्यक्ष अशोक कुमार साह, प्रमुख प्रशासकीय अधिकृत सरोज झा, नायब सुब्बा दिनेश यादव, राष्ट्रिय मुक्ति पार्टीका केन्द्रीय नेता गजेन्द्र मण्डल, जसपा नेपालका राजकुमार मण्डल राजन, बिद्यालय ब्यबस्थापन समिति अध्यक्ष नन्दकिशोर मण्डल, शिबजी मण्डल, घनश्याम मण्डल लगायतको उपस्थिति रहेको थियो।


सूचनाको हकको सम्मान र प्रवर्द्धन गरौं ।

सार्वजनिक निकायले:

- अनिवार्य रुपमा सूचना अधिकारी तोकौं,
- सूचना अधिकारीलाई सूचनामा पहुँच दिऔं,
- माग गरिने सूचना सहज रुपमा समयमै उपलब्ध गराऔं,

सूचना मागकर्ताले:

- सूचना चाहेको निकायबाटै सूचना माग गरौं,
- सूचना माग गर्दा प्रयोजन स्पष्ट खुलाएर मात्रै मागौं,
- प्राप्त सूचनाको सदुपयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



**शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं**

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्काले नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**



**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*